# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पलाता गाउँपालिका
## कालिकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पलाता गाउँपालिका

## कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पलाता गाउँपालिका

## कालिकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पलता गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कालिकोट ।

**कैफियत सहितको राय**

हामीले पलता गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.११ करोड ५७ लाख ७९ हजार बेरुजू देखिएको छ । सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२० लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८२ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.८ करोड १५ लाख र पेश्की रू.३९ लाख ५० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१२ करोड ६४ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२४ करोड २२ लाख ६२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी  वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(.........................)
नायब महालेखापरीक्षक

पलता गाउँपालिका, कालिकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | १२२ | ११५७७९ | ० | ० | ० | ५१ | १२२ | ११५७७९ | २०८६ | ८१५०१ | २८२४१ | ० | ० | १०९७४२ | ३९५१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पलता गाउँपालिका कालिकोट | १२६४८३ | ० | ० | १२६४८३ | ० | ११५७७९ | २४२२६२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पलता गाउँपालिका, कालिकोट , पलाता गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Karma Singh Bam | २०७८-६-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Nanda Bahadur Shahi | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११५,७७८,७१७.४९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६१,३२,०८७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६,८६,६१,९२० | **चालु खर्च** | २९,३०,७०,७५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,६९,४६,३०४ | **पूँजीगत खर्च** | ७,२९,३४,२१९ |
| **राजश्व बाँडफाँट** | ६,५३,२७,२४६ | **वित्तीय/अन्य व्यवस्था** | १२,०५,१४,९६४ |
| **आन्तरिक आय** | ३,४७,६६६ | | |
| **अन्य आय** | १२,१५,५५,९४८ | | |
| **कुल आय** | ४९,२८,३९,०८४ | **कुल खर्च** | ४८,६५,१९,९३४ |
| **बाँकी मौज्दात** | | १,२४,५१,२३७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पलाँता गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पलाँता गाउँपालिकाको उद्देश्य रहेको छ । यस पलाँता गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, ३१८.८४वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।१०।११ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६१३२०८७.१४ | १ | चालु खर्च | | २९३०७०७५१ |
| | क) नगद | ० | | | प्रधानमन्त्री रोजगार | ६६५८९३५ | |
| | ख) बैंक | ६१३२०८७.१४ | | | राष्ट्रिय पञ्जिकरण | १९०११२० | |
| २ | राजस्व ( आन्तरिक आय) | | ६५६७४९१२ | | लघु उद्यम | ४२०१६०४ | |
| | क) आन्तरिक राजस्व | ३४७६६६ | | | बहुक्षेत्रिय पोषण | १८७१००० | |
| | ख) राजस्व बाँडफाँड संघ | ६५०३५८४२ | | | सशर्त कृषि | ४०११५९३ | |
| | ग) राजस्व बाँडफाँड | २९१४०४ | | | सशर्त शिक्षा | ९६०३४२५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रदेश | | | | | | | | |
| | | | | ३ | वित्तिय हस्तान्तरण संघ | | २६८६६१९२० | | सशर्त स्वास्थ्य | २५२८२५३६ | | | |
| | | | | | वित्तिय समानीकरण अनुदान | ९९८००००० | | | प्रदेश चालु | २४७९७८३८ | | | |
| | | | | | सशर्त अनुदान | १६५०३५००० | | | गाउँपालिका चालु | १२८३११८७० | | | |
| | | | | | समपूरक अनुदान | ० | | २ | पुजिगत खर्च | | ७२९३४२१९ | | |
| | | | | | विशेष अनुदान | ३८२६९२० | | | गापा पुजिगत | ४०९०५५५५ | | | |
| | | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३६९४६३०४ | | संघ सशर्त | २०३७९४५० | | | |
| | | | | | वित्तिय समानीकरण अनुदान | १०५५९००० | | | प्रदेश समपुरक | ६८७९४८३ | | | |
| | | | | | सशर्त अनुदान | २५४४०६९८ | | | प्रदेश विशेष | ४७६९७३१ | | | |
| | | | | | समपुरक अनुदान | ९४६६०६ | | ३ | अन्तर सरकारी अख्तियारी | | १२०५१४९६४ | | |
| | | | | | विशेष अनुदान | ० | | | सामाजिक सुरक्षा | ७३८५४४३४ | | | |
| | | | | | | | | | गरिबसँग विशेश्वर | ४६४००० | | | |
| | | | | १० | धरौटी आय यस वर्ष | ३०३००० | ३०३००० | | पूर्वाधार विशेष कार्यक्रम | १०४१५२७२ | | | |
| | | | | ११ | धरौटी आय गत वर्ष | ७३७९८४ | ७३७९८४ | | मुख्यमन्त्रीरोजगार प्रोत्साहन | ६९००० | | | |
| | | | | १२ | अन्य विविध आय | ० | ० | | मुख्यमन्त्री रोजगार योजना | ३५७१२२५८ | | | |
| | | | | १३ | अन्तर सरकारी | | १२०५१४९६४ | | धरौटी फिर्ता | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अख्तियारी | | | | | | | | |
| | | | | | सामाजिक सुरक्षा | ७३८५४४३४ | | ४ | मौज्दात | | १२४५१२३७ | | |
| | | | | | गरिवसँग विशेश्वर | ४६४००० | | | सञ्चित कोष खाता | २९९१८२४.६० | | | |
| | | | | | पूर्वाधार विशेष कार्यक्रम | १०४१५२७२ | | | चालु खर्च खाता | ७८१९७७९.५४ | | | |
| | | | | | मुख्यमन्त्रीरोजगार प्रोत्साहन | ६९००० | | | पुजिगत खर्च खाता | १५०३९६ | | | |
| | | | | | मुख्यमन्त्री रोजगार योजना | ३५७१२२५८ | | | धरौटी कोष खाता | १०४०९८४ | | | |
| | | | | | | | | | आन्तरिक राजश्व खाता | १३६४९० | | | |
| | | | | | | | | | आन्तरिक अनुदान खाता | ३११७६३ | | | |
| | | | | | **जम्मा** | | **४९८९७११७१.१४** | | **जम्मा** | | **४९८९७११७१.१४** | | |
| | | | **नोटः** बैंक मौज्दात रु.१२४५१२३७ बाट मिति २०७९।०८।२१ मा रकम रु.८६७८६८३ संघ फिर्ता र रु.६४२८६० गरी रु९३२१५४३ सम्बन्धित ठाउँमा फिर्ता भएको छ । | | | | | | | | | |
| ३ | | | **शुत्रभन्दा वाहिर कारोवारः**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। यस वर्ष पालिकाले शुत्र बाहिर आफ्नो सम्पूर्ण आर्थिक कारोबार गरेको छ। आगामी वर्षहरुमा पालिकाले पूर्ण रुपमा शुत्रको अवलम्बन गर्नुपर्दछ। | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५२,२३,१७९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.६१३२०८७।१४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९०८९०८।१४ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा गरेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामाग्री वितरण गरेको पाईयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५९ जनाको दरबन्दी रहेकोमा २६ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहमा समायोजन भै आएका तथा नयाँ नियुक्त भएका स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धी छुट्टै कानुन नवनेको अवस्थामा पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.१३७०१८५९।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्न सम्बन्धित निकायले ध्यान दिनुपर्छ ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दाना न्यौपाने ले मिति २०७८।०३।१० गते रु.४१ करोड ९० लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.१४८२००००।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ११ | | | **त्रैमासिक पूँजीगत खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस सम्बन्धि विवरण उपलव्ध गराएको छैन ।नियममा भएको व्यवस्थाको पालना गर्नु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>३</td><td>१</td><td>१</td><td>०</td><td>१</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्य</td><td>४२</td><td>०</td><td>२</td><td>४०</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न सहायक पाचौं सहायक चौथो खरिदार प्राविधिक स्वास्थ्य कर्मि कृषि भेटनरी लगायत श्रेणी विहिन पदमा १९६ जना कर्मचारीहरु करारमा राखि रु.७०८६००००।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक तथा अप्राविधिक पदमा ११८ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५९१८६३००।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु नियमसम्मत नदेखिएको रु | ५९,१८६,३०० |
| १५ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म कति वटा ऐन, नियमावली, तथा कार्यविधि लगायत कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ सोको विवरण पेश हुन आएन । | |
| १६ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको विवाद दर्ता तथा फर्स्यौट भएको विवरण पेश हुन आएन । जसले गर्दा न्याय सम्पादनको अवस्था अवगत हुन सकेन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: ९ ; वड सचिवको दरबन्दी: ९ ; वडा सचिवको पदपूर्ति: ० ; रिक्त वडा सचिव: ९ | |
| १८ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १९ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असाढ मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

Nested table in row १७:

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ० | ९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १२६४ |
| मृत्युदर्ता | २६ |
| बसाईसराई दर्ता | ३५ |
| विवाह दर्ता | ६९ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पलाँता गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २३ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१०५६२४८।०० खर्च गरेको छ । | |
| २४ | २१८ | २०७९-१-४ | **बस्तुगत सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले राज बहादुर बम लाई रु१७४५२२०।०० पेश्की दिई देहायको फर्म तथा सप्लायर्सहरुको विल भरपाई संलग्न गरी पालिका अध्यक्षको तोक आदेश अनुसार विभिन्न व्यक्तिलाई वितरण गरेको भरपाई पेश गरेको छ ।बस्तुगत सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ र दिएको सहायताको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,७४५,२२० |

| सि नं | फर्म तथा सप्लार्यस | खरिद भएको बस्तु | कैफियत |
|---|---|---|---|
| १ | मालिका कम्प्यूटर एण्ड जनरल अर्डर सप्लायर्स जुम्ला | सोलार ब्याट्री | दामाशाही रुपमा विभिन्न व्यक्तिलाई वितरण |
| २ | पलाँता मल्टी प्रोड्कटएण्ड कन्स्ट्रक्सन प्रा लि कालिकोट | विभिन्न मितिमा विभिन्न साईजका पाईपहरु खरिदविल पेश | कार्यसम्पन्न प्रतिवेदन वेगर दामाशाहीरुपमा विभिन्न व्यक्तिहरुलाई वितरण |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>

**ठेक्का व्यबस्थापनः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिका । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)

<table>
<tr><th>कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th></th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१२९९२</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>३</td><td>१२९९२</td><td>०</td><td>०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**बार्षिक खरिद योजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४ करोड ५८ लाख ९१ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.६६२६६०।००, बजेटबाट खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।

<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>२</td><td>६६२६६०।००</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>पेश्की बाँकीः-<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । यस वर्ष देहाय अनुसार म्याद नाघेको अन्य पेश्की रु३९५०८९२।०० रहेको छ । उक्त म्याद नाघेको अन्य पेश्की फछ्र्यौट हुनु पर्ने रु
<table>
<tr><th>क्रस</th><th>पेश्की लिने व्यक्ति तथा फर्म</th><th>प्रयोजन</th><th>रकम</th><th>म्याद</th></tr>
<tr><td>१</td><td>उत्तम शाही</td><td>कार्यालय संचालन</td><td>१०००००</td><td>नाघेको</td></tr>
<tr><td>२</td><td>शुलहिना बम</td><td>आवाशलायका विद्यार्थीहरुलाई व्यवस्थापन</td><td>१५०००००</td><td>नाघेको</td></tr>
<tr><td>३</td><td>ऋतुराज निमार्ण सेवा</td><td>धुरा माछा वम्फै हिमा गा पा जुम्ला सडक निर्माण वापत</td><td>६७८२८७</td><td>नाघेको</td></tr>
<tr><td>४</td><td>उपभोक्ता समिती</td><td>देखी बाँचकोट सम्म सडक निर्माण</td><td>९९००००</td><td>नाघेको</td></tr>
<tr><td>५</td><td>उपभोक्ता समिती</td><td>सुनवाडा खानेपानी योजना</td><td>६८२६०५</td><td>नाघेको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३९५०८९२</td><td></td></tr>
</table></td><td>३,९५०,८९२</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.३४७६६६ अर्थात अनुमान भन्दा ३०.४६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>कर तथा शुल्क असुली -<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>व्यवसाय दर्ता शुल्क</td><td>५०००००</td><td>१८२०००</td><td>३६.४</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>परिक्षा शुल्क</td><td>०</td><td>११६०००</td><td>०</td></tr>
<tr><td>सिफारिस शुल्क</td><td>०</td><td>२७६६६</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>५०००००</td><td>३४७६६६</td><td>६९.५३</td></tr>
</table><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>राजश्व अभिलेख :<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत ९ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३३ | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १८२०००।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३४ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.६६६९००३।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>वैदेशिक भ्रमण<br>— दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणमा रु.१०२०१२।०० खर्च भएको देखिन्छ । उक्त पदाधीकारीले वैदेशिक भ्रमणमा जाँदा नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको प्रमाण उपलब्ध भएन । उल्लेखित पदाधीकारीले नियमावलिमा भएको व्यवस्था अनुरुप विदेश भ्रमण गरेको भए सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु<br>
<table>
<tr><th>सि.नं.</th><th>बैदेशिक भ्रमणमा जानेको पद र नाम</th><th>भ्रमण गरेको देश</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>गापा उपाध्यक्ष दाना न्यौपाने</td><td>भारत को दिल्ली</td><td>८८०१२</td></tr>
<tr><td>२</td><td>२नं. वडा अध्यक्ष विद्धि कामी</td><td>भारत को दिल्ली</td><td>१४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०२०१२</td></tr>
</table></td><td>१०२,०१२</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>एफ एम खर्च भुक्तानीः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्वेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । साथै आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले गो भौ नं ८१।२०७८।८।१५ बाट रेडियो पलता एफ एम कालिकोट संचालन वापत रु ५०००००।०० भुक्तानी दिएको छ साथै गो भौ नं २३।२०७८।१०।६ मा एफ एमका कर्मचारीहरुलाई तलव वापत रु १०७४२०६।०० भुक्तानी दिएको छ । यसरी पालिकाले नियमावलीमा भएको व्यवस्था विपरीत गरेको खर्च नियमसम्मत नदेखिएको रु</td><td>१,५७४,२०६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **जिन्सी दाखिला प्रमाणः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको फर्म तथा विक्रेताबाट खरिद भएको सामानको जिन्सी दाखिला भएको प्रमाण संलग्न नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने रु | १,३१०,४४५ |

| गो.भौ.नं र मिति | सामान खरिद भएको फर्म | सामान | रकम |
|---|---|---|---|
| ३३०।२०७९।३।२० | शुभम अर्डर सप्लार्यस | कार्यालय सञ्चालन १० आईटम सामान | १६९९५२ |
| ३१५।२०७९।३।२० | हिमचुली कृषि सहकारी लि मान्मा कालिकोट | ५ सोलार सेट सामान | ९७८०० |
| २७१।२०७९।३।८ | कर्णाली ईन्फोटेक मान्मा १ कालिकोट | कार्यालय सामान | ११२६७० |
| २४२।२०७९।३।६ | ईश्वर अफसेट प्रेस कालिकोट | कार्यालय सामान | १४४९८० |
| २१९।२०७९।१।४ | कर्णाली ईन्फोटेक मान्मा १ कालिकोट | कार्यालय सामान | १७२०९९ |
| १८०।२०७८।१०।२३ | बम टेर्ड्रस थिर्पु कालिकोट | कार्यालय सामान | ९८०६० |
| ९६।२०७८।९।१४ | शुभम अर्डर सप्लार्यस | कार्यालय सामान | ५१४८८४ |
| **जम्मा** | | | **१३१०४४५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **ईन्धन खर्चको लगबुक नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सवारी साधनमा प्रयोग गरेको ईन्धन खर्च लेखेकोमा सवारी साधन प्रयोगको लगबुक भरेको पाईएन । जसले गर्दा वास्तविक रुपमा कति ईन्धन खर्च भएको हो एकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्च मा मितव्ययिता कायम गर्नुपर्दछ । केही उदाहरण यस प्रकार छन् | |

| गो भौ नं र मिति | प्रयोजन | ईन्धन | रकम |
|---|---|---|---|
| २६३।२०७९।३।८ | सूजल जनरल स्टोर एण्ड अर्डर सप्लार्यस थिर्पु कालिकोट बाट खरिद | ईन्धन खरिद | १५६८२० |
| २३७।२०७९।३।६ | मष्टामाडु पेट्रोल पम्प मान्म कालिकोट | ईन्धन खरिद | २६२२७३ |
| १४६।२०७८।१०।७ | मष्टामाडु पेट्रोल पम्प मान्म कालिकोट | ईन्धन खरिद | ८९४६२ |
| | | **जम्मा** | **५०८५५५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **बैठक भत्ता :**<br>अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अधि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था बेगर पालिकाले देहायका कर्मचारीहरुलाई रकम रु ११७३०० बैठक भत्ता वापत उपलब्ध गराएकोले सम्बन्धितबाट असुल गरि दाखिला गरिनुपर्ने रु | ११७,३०० |

| गो भौ । मिति | कार्यक्रमको नाम | बैठकमा उपस्थित कर्मचारि संख्या | भुक्तानी रकम करकट्टी सहित |
|---|---|---|---|
| ७।२०७९।३।१ | बोलपत्र मूल्यांकन समीतिको बैठक भत्ता | ८ जनाको | १०२०० |
| | | ७ जनाको | २२९५० |
| | | ९ जनाको | ११४७५ |
| | | ७ जनाको | ८९२५ |
| १२।२०७९।३।२४ | बोलपत्र मूल्यांकन समीतिको बैठक भत्ता | २० जनाको | ६३७५० |

| ४० क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**वितरणमुखी कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले प्रथम गाउँसभा २०७८ असाढ १२ गतेको निर्णय अनुसार देहायको कार्य गर्ने गरी अध्यक्ष कोष र उपाध्यक्ष कोष बनाई बजेट तथा कार्यक्रम स्वीकृत गरेको देखिन्छ। यस्ता वितरण मुखि तथा अनुउत्पादक कार्यक्रम खर्चमा नियन्त्रण गर्नुपर्दछ।

**अध्यक्ष कोषः**

| सि नं | कार्यक्रम | रकम |
|---|---|---|
| १ | चालु | २००००००० |
| २ | छात्रवृत्ती | १०००००० |
| ३ | डकुमेन्ट्री निमार्ण | २०००००० |
| ४ | सहिद परिवार घाईते आय आर्जन कार्यक्रम | ५००००० |
| ५ | कला साहित्य संरक्षण कार्यक्रम | १०००००० |
| | **जम्मा** | **६५०००००** |

**उपाध्यक्ष कोषः**

| सि नं | कार्यक्रम | रकम |
|---|---|---|
| १ | चालु तर्फ | १०००००० |
| २ | डकुमेन्ट्री निर्माण | १०००००० |
| ३ | सहिद स्मृति आवाशलयमा खाद्यन्न खरिद | १५००००० |
| ४ | एकल महिला आय आर्जन कार्यक्रम | ५००००० |
| ५ | उपाध्यक्ष राहत अनुदान कार्यक्रम | १२००००० |
| ६ | सुरक्षा गार्ड टेडिङ्ग | १२००००० |
| | **जम्मा** | **६४०००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **व्यक्तिगत कामका लागि दैनिक भ्रमण खर्च भुक्तानीः**<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा वा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको खर्च समर्थन गर्ने कागजात पेश भए वा नभएको सो खर्चलाइ पुष्टि गर्ने विलभर्पाइ भए नभएको जाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले ५८।२०७९।३।२१ बाट शिक्षा शाखा प्रमुख रण प्रसाद भट्ट २०७८।८।२० देखि २०७८।८।२६ सम्म सरुवा सम्बन्धी मुद्धामा प्रतिवाद गर्न भनी व्यक्तिगत कामका लागि पनि दैनिक भ्रमण भत्ता रु १५४०० भुक्तानी गरेकोले उक्त रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | १५,४०० |
| ४२ | | | **कर छूटः**<br>आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा कार्यमा भुक्तानी तथा मुल्य अभिवृद्धि कर जारी नभएमा कुल भुक्तानी रकमको १५% दरले कर लाग्ने व्यवस्था छ । पालिकाले सिपमुलक तालिम कार्यक्रम सञ्चालन वापत हाम्रो कम्प्यूटर ईन्सचिउट एण्ड ट्रेडिङ्ग सेन्ट्रर का प्रबन्धक खगेन्द्र मल्ललाई खर्चको भुक्तानीमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | १४९,७०० |

| गो भौ नं मिति | विवरण | भुक्तानी रकम | १५% कर |
|---|---|---|---|
| ११६।२०७८।९।२९ | सिपमुलक तालिम | ४९९००० | ७४८५० |
| ९३।२०७८।९।१४ | सिपमुलक तालिम | ४९९००० | ७४८५० |
| | जम्मा | ९९८००० | १४९७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **सूचना तथा विज्ञापन छपाईः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।कुनैपनि पत्रिकामा सूचना प्रकाशन गर्दा सूचनाको साइज र दररेट उल्लेख गरी सूचना प्रकाशन गर्नुपर्दछ। पालिकाले पत्रिकामा सूचना प्रकाशन वापत निम्नानुसार भुक्तानी गर्दा प्रकाशित सूचनाको साइज र दररेट उल्लेख नगरी एक मुष्ट भुक्तानी गर्ने गरेको पाइयो । उक्त मिडियाले प्रकाशित सूचनाको साइज र दररेट खुलेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १,१५१,५३१ |

| गो भौ । मिति | प्रयोजन | साइज | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|---|
| ९।२०७९।३।१९ | वोलपत्र सुचना प्रकाशन | नखुलेको | वेष्ट मिडिया प्रा लि | १३४४७० |
| १०।२०७९।३।१९ | वोलपत्र सुचना प्रकाशन | नखुलेको | वेष्ट मिडिया प्रा लि | ३५५३८५ |
| ११।२०७९।३।१९ | वोलपत्र सुचना प्रकाशन | नखुलेको | तिब्रीकोट मिडिया प्रा लि | २३९०५६ |
| ३०३।२०७९।३।१९ | वोलपत्र सुचना प्रकाशन | नखुलेको | वेष्ट मिडिया प्रा लि | १३४४७० |
| ३०८।२०७९।३।१९ | वोलपत्र सुचना प्रकाशन | नखुलेको | वेष्ट मिडिया प्रा लि | २८८१५० |
| **जम्मा** | | | | **११५१५३१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.८७३४७ कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | ८७,३४७ |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ३८७।२०७९।३।२४ | वडा नं.६ को खर्च वापत मोहन बहादुर बुढाको पेश्की फर्स्योटमा घरभाडा भुक्तानी वहाल कर छुट | ६०००० | १०% | ६००० |
| ३६२।२०७९।३।२४ | निरा स्मृती कप प्रतियोगिता संचालन वापत पुर्ण सिंह बम (अध्यक्ष) लाई भुक्तानीमा विजेताहरुलाई पुरस्कार वितरणमा कर दाखिला छुट भएको | १५६४०० | १५% | २०४०० |
| | | ११८७७० | २५% | २९६८७ |
| | | ५३३६० | १५% | ६९६० |
| ३४७।२०७९।३।२३ | वडा नं.७को वडा खर्च वापत कलम बहादुर बमको पेश्की फर्स्योटमा बैठक भत्ताको रकम भुक्तानीमा कर दाखिला छुट भएको | ७५००० | १५% | ११२५० |
| २८६।२०७९।३।१७ | वडा को वडा खर्च वापत शुशिला बमको पेश्की फर्स्योटमा सामान खरिदको भुक्तानीमा कर रकम दाखिला छुट भएको | ३००००० | १.५% | ४५०० |
| २०८।२०७८।१२।६ | विअराज बमलाई बैठक खर्च वापत पेश्की फर्स्योटमा कर दाखिला छट भएको | ५७००० | १५% | ८५५० |
| | **जम्मा** | | | **८७३४७** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>कर दाखिला नभएकोः<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिला प्रमाण पेश गर्नुपर्ने रु<br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>७।२०७९।३।१</td><td>हस्त बहादुर शाही बैठक भत्ता भुक्तानी वापत पारिश्रमिक कर दाखिला नभएको</td><td>१५ %</td><td>९४५०</td></tr>
<tr><td>१२।२०७९।३।२४</td><td>पदम बहादुर शाही बैठक भत्ता भुक्तानी वापत पारिश्रमिक कर दाखिला नभएको</td><td>१५ %</td><td>११२५०</td></tr>
<tr><td>८।२०७९।३।२०</td><td>मेड्पा संयोजक अर्जुन प्रसाद भट्टराई पे फ गर्दा ढुवानी कर दाखिला नभएको</td><td>१० %</td><td>५०००</td></tr>
</table></td><td>२५,७००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>भ्रमण खर्च :<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **विल भरपाईः**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु. | २६५,६५० |

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३८८।२०७९।३।२४ | सवारी दर्ता तथा नविकरण वापत उत्तम शाहीलाई भुक्तानी रु.८०००००।०० दिएकोमा रु.६२०२५०।०० को मात्र विलभरपाई पेश भएकोले बाकी प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | १७९७५० |
| ३९०।२०७९।३।२६ | सवारी नामसारी वापत नन्द बहादुर सिंहलाई भुक्तानी रु.१०००००।०० दिएकोमा रु.१४१००।०० को मात्र विलभरपाई पेश भएकोले बाकी प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ८५९०० |
| **जम्मा** | | २६५६५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **अनुत्पादक खर्च**<br>गाउँ पालिकाले वडा स्तरीय आयोजना छनोट गरी कार्यान्वयन गर्दा कतिपय आयोजना वितरणमुखी र अनुत्पादक क्षेत्रमा छनोट गरी कार्यान्वयन गरिएको छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.३६५६७०५।०० खर्च गरेको देखिन्छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी रोजगारी सिर्जना हुने क्षेत्रमा खर्च गर्नतर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ । | |

| गो.भौ.नं र मिति | भुक्तानी पाउने फर्म वा व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| ३६२। २०७९।३। २४ | खेलकुद समिति | निरा स्मृति कप (खेलकुद कार्यक्रम संचालन) | १००० ००० |
| २१५। २०७८।१२। १३ | १० विद्यालयका शिक्षकलाई वितरण भरपाई पेश | खेलकुद सामाग्री खरीद तथा वितरण | ८०१७ ०५ |
| १७१। २०७८।१०। ९ | प्रेम बहादुर बम | खेलकुद खर्च | ५५५० ०० |
| १५३। २०७८।१०। ९ | सि के नेपाल मिडिया प्रालि खाँडाचक्र नपा १ कालिकोट | वडा नं ९ को निर्माण भएका आयोजनाहरु समेटी पार्श्य चित्र तयार वापत | २००० ०० |
| २१७। २०७९।१।४ | सि के नेपाल मिडिया प्रालि खाँडाचक्र नपा १ कालिकोट (खगेन्द्र न्यौपानेलाई भुक्तानी) | खानेपानी आयोजना विद्युतीय आयोजना शिक्षा क्षेत्रको परिवर्तन तथा पलता गाउँपालिकाको वार्षिक कार्यक्रमको भिडियो डकुमेन्ट्री निर्माण | ११०० ००० |
| **जम्मा** | | | **३६५६ ७०५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **मोटरसाइकल खरिदः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । तर पालिकाले २।२०७८।९।१४ बाट ग्लोवल अर्डर एण्ड सप्लायर्स कालिकोटबाट २०७८।९।३ मा पल्सर मोटरसाइकल 220CC, ABS , engine no: DKX-CMK56208 and chassis no: MD2A13 EX2MCK-81399, Black Blue Color खरिदमा रु ३६१९०० बजेट खर्च लेखेको छ । उक्त मोटरसाइकल पालिकाले आफ्नो नाममा पास नगरी रातो नम्बरमै चलाएको पाइयो । साथै उक्त मोटरसाइकल जिन्सीमा दाखिला समेत गरेको पाइएन ।बाइक खरिद गरे लगतै उक्त मोटरसाइकल दुर्घटनामा परेको भनी मर्मत अभिलेख खाता विना ग्लोवल अर्डर एण्ड सप्लायर्स कालिकोटबाट २०७८।९।३ को मितिमा रु २८१३१४ को विल राखि बजेट खर्च लेखेको छ ।यसरी दुर्घटनाको खर्च विमाले गर्नुपर्नेमा विमा पनि नगरी मोटरसाइकल प्रयोग गरेकोले पालिकालाइ थप व्ययभार पर्न गएको छ । यस गाउँपालिका अन्तर्गत यो मोटरसाइकल बाहेक अन्य २३ वटा मोटरसाइकल रहेको पाइयो । | |
| ४९.१ | | | • यस पालिकामा सडक सुविधा राम्रो नहुदा पनि यसरी प्रत्येक वर्ष संघीय बजेटबाट मोटरसाइकल खरिद गरी मितव्ययीता नअपनाइ खरिद गर्नेलाई जिम्मेबार बनाउदै उक्त मोटरसाइकल पालिकाको जिन्सीमा दाखिला साथै पालिकाको नाममा नामसारी गरेको प्रमाण पेश गनुपर्ने रु | ३६१,९०० |
| ४९.२ | | | • पालिकाको नाममा नामसारी नभएको र जिन्सी दाखिला समेत नभएको मोटरसाइकलको मर्मत खर्च लेखेको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | २८१,३१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र सं | विद्यालय | **शिक्षकदरबन्दी** | | | | **पदपुर्ती** | | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | राहत | शिक्षण सिकाइ अनुदान संघ | गाउँपालिका शिक्षक अनुदान | स्थायी | करार | राहत | शिक्षण सिकाइ अनुदान | गाउँपालिका शिक्षक अनुदान | |
| १ | वालविकास | २३ | ० | ० | ३१ | ० | २३ | ० | ० | २९ | ९४३ |
| २ | प्रा वि | ३७ | २४ | ० | १९ | ३२ | ५ | २४ | ० | १९ | ४६८० |
| ३ | नि मा वि | ७ | ५ | ४ | ० | ६ | १ | ५ | ४ | ० | ८७१ |
| ४ | मा वि | ५ | ५ | ८ | २८ | २ | ३ | ५ | ८ | २८ | ९४३ |
| ५ | उमावि | ४ | ८ | ० | ० | ० | ४ | ८ | ० | ० | ९७८ |
| **जम्मा** | | **७६** | **४२** | **१२** | **७७** | **४०** | **३६** | **४२** | **१२** | **७५** | **७९२४** |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.११९४०५००।०० तलब भत्ता भुक्तानी गरेको पाइयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरितको कार्य नियमसम्मत नदेखिएको रु. | ११,९४०,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. १ करोड ८ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.<br><br>सि न \| विद्यालयको नाम \| कार्यक्रम \| रकम<br>१ \| सरस्वती मावि राडुनेटा \| ४ कोठे भवन निर्माण \| ३६०००००<br>२ \| देउली मावि उखाडी \| ४ कोठे भवन निर्माण \| ३६०००००<br>३ \| जनता आवि शितलगाँउ \| २ कोठे भवन निर्माण \| १८०००००<br>४ \| कालिका आवि छलाहा \| २ कोठे भवन निर्माण \| १८००००० | १०,८००,००० |
| ५३ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अनुदानः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा भएको व्यवस्था अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अनुदान कार्यक्रम अन्तर्गत पालिकाभित्रका विद्यालयबाट छनोट गरी विद्यालयमा आइसीटि निर्माण वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।उक्त अनुदानवापत ५।२०७९।३।२२ बाट कालिका मावि पुलाँहालाई आइसिटि निर्माण वापतको रकम रु ६ लाख ५० हजारको विद्यालयले आइसीटिको कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु | ६५०,००० |
| ५४ | | | **राष्ट्रपति रनिङ्ग शिल कार्यक्रमः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाले २३।२०७९।३।२३ बाट राष्ट्रपति रनिङ्ग शिल सञ्चालनका लागि खेल प्रशिक्षक प्रेम बहादुर वमलाइ रकम रु १००००० भुक्तानी दिएकोमा सो रकमलाइ पुष्टि गर्ने कागजात उपलब्ध नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | १००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **स्यानीटरी प्याड खरिदः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६...१२ मा अध्ययनरत छात्राहरुका लागि लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले शसर्त चालुको २७।२०७९।३।२४ बाट ७००० प्याकेड, २८।२०७९।३।२४ बाट १४००० प्याकेड र २९।२०७९।३।२४ बाट १४२७२ प्याकेड गरी कूल ३५२७२ स्यानीटरी प्याड खरिदमा रु २३६४९५७ बजेट खर्च लेखेको छ । उक्त प्याडहरु विद्यालयमा हस्तान्तरण नगरी पालिकाको गोदाममै स्टक राखेको पाइयो । पालिकाले उक्त प्याडहरु विद्यालयमा समयमै हस्तान्तरण गर्नु पर्दछ । आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त प्याडहरु खरिद गर्ने र उक्त प्याडहरु सम्बन्धीत ठाउँमा हस्तान्तरण नगर्नेहरुलाई जिम्मेवार वनाइ विद्यालयहरुलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु | २,३६४,९५७ |
| ५६ | | | **योग्यताको प्रमाणपत्र नभएकोः**<br>सशर्त चालुको २४।२०७९।३।२२ बाट दश वर्षे शिक्षा योजना निर्माण गर्नका लागि हुकुम शाहीलाइ रु १००००० मा करकट्टी गरी रु ८७५०० भुक्तानी गरेको छ । उक्त योजना निर्माण गर्ने व्यक्तिको व्यक्तिगत विवरण, योजना निर्माण गर्न सक्ने योग्यताको प्रमाणपत्र लगायत कुनै पनि आवश्यक प्रमाण कागजात पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु<br><br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>५६.१ \| \| ० | ८७,५०० |
| ५७ | | | **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिकाभित्रका विद्यालयबाट छनोट गरी माध्यमिक विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।उक्त अनुदानवापत प्राप्त रकमको विद्यालयले कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><br>सि न \| विद्यालयको नाम \| प्रयोजन \| रकम<br>१ \| परेगमाला मावि डोरी \| पुस्तकालय \| ६५००००<br>२ \| कालिका मावि छलाह \| विज्ञान प्रयोगशाला \| ६५००००<br>३ \| दैनिकर मावि फागौटी \| आइसीटि \| ६५०००० | १,९५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **वितरण भर्पाइ नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाले ८।२०७९।३।२० मा मेड्पा कार्यक्रम अन्तर्गत संयोजक अर्जुन प्रसाद भट्टराईले खरिद गरेका १२० थान C-CAT झोलामा खरिदमा रु १८०००० खर्च लेखेको छ । प्रशिक्षार्थिहरुलाई वितरण गर्ने प्रयोजनार्थ खरिद गरेका उक्त झोलाहरु वितरण गरेको कुनै पनि भर्पाइ पेश नगरेकोले वास्तविक प्रशिक्षार्थीले उक्त झोला बुझेको सम्बन्धमा छानविन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा कार्यक्रम संयोजकबाट असुल गरी दाखिला गर्नुपर्ने रु | १८०,००० |
| ५९ | | | **बढी भुक्तानीः** कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी व्यवस्था छ ।जसअनुसार गाउँपालिका स्तरिय सीप विकास तालिममा कक्षा सञ्चालन वापत रु १५०० र प्रतिवेदन तयार गरे वापत रु १००० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न कार्यक्रम वापत निम्न प्रशिक्षकहरुलाइ प्रशिक्षण र प्रतिवेदन तयार गरेवापत निर्देशिका विपरीत करकट्टी गरी निम्न रकम भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | १९,९७५ |

| क्र. स. | कार्यक्रम | नाम र पद | सेशन | भुक्तानी दिनुपर्ने दर | भुक्तानी दिएको दर | बढि दर रु | बढी भूक्तानी रकम करकट्टी सहित रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत प्रारम्भिक वालविकासका लागि योजना कार्यशाला गोष्ठी | हुकुम शाही | २ | १००० | २५०० | १५०० | २५५० | प्रतिवेदन तयार |
| | | अनिल कुमार शाही | १ | १००० | २५०० | १५०० | १२७५ | प्रतिवेदन तयार |
| | | कलबहादुर भण्डारी | १ | १५०० | २५०० | १००० | ८५० | प्रशिक्षण |
| | | हुकुम शाही | २ | १५०० | २५०० | १००० | १७०० | प्रशिक्षण |
| | | अनिल कुमार शाही | १ | १५०० | २५०० | १००० | ८५० | प्रशिक्षण |
| २ | गुनासो सुनुवाइ तथा लैङ्गिक सम्पर्क अभिमुखिकरण | कलबहादुर भण्डारी | १ | १५०० | २५०० | १००० | ८५० | प्रशिक्षण |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | हुकुम शाही | ३ | १५०० | २५०० | १००० | २५५० | प्रशिक्षण | |
| | | | | | अनिल कुमार शाही | १ | १५०० | २५०० | १००० | ८५० | प्रशिक्षण | |
| | | | | | पदम बहादुर कठायत | २ | १५०० | २५०० | १००० | १७०० | प्रशिक्षण | |
| | | | ३ | दश वर्षे योजनाका लागि सुझाव संकलन गोष्ठ | कलबहादुर भण्डारी | १ | १५०० | २५०० | १००० | ८५० | प्रशिक्षण | |
| | | | | | हुकुम शाही | २ | १५०० | २५०० | १००० | १७०० | प्रशिक्षण | |
| | | | | | अनिल कुमार शाही | २ | १५०० | २५०० | १००० | १७०० | प्रशिक्षण | |
| | | | | | कलबहादुर भण्डारी | ३ | १५०० | २५०० | १००० | २५५० | प्रशिक्षण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **कृषि कार्यक्रम तर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । मेड्पा कार्यक्रम अन्तर्गत निम्न विरुवा खरिद गरी वितरण भर्पाइमा स्याउ र ओखर एउटै व्यक्तिलाई ९४ वटा स्याउ विरुवा र २० वटा ओखर विरुवा वितरण गरेकोमा एकै व्यक्तिले यतिधेरै संख्यामा विरुवा रोप्न आवश्यक पर्ने जग्गाको लगत समेत पेश भएको छैन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।<br><br>भौ. नं. मिति \| विवरण \| विउ विजनको मूल्य<br>८।२०७९।३।२० \| अलैचि विउ खरिद २० के जी \| २६००००<br>८।२०७९।३।२० \| स्याउ विरुवा कलमी १५०० वटा \| १०५०००<br>८।२०७९।३।२० \| ओखर टर्की विरुवा ७६० वटा \| ४९४००० | |
| ६१ | | | **विल उपलब्ध नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाले १०।२०७९।३।२४ बाट राष्ट्रपति महिला उत्थान जिविको पार्जन कार्यक्रम वापत पलाता आवाज (रेडियो) लाई सुचना वापत रकम भुक्तानी गर्दा प्रमुख युवराज सिहलाइ रु २३००० भर्पाइका आधारमा रकम भुक्तानी गरेको छ । रेडियोमा सुचना प्रकाशन गरेको रकम रेडियोको खातामा भुक्तानी हुनुपर्नेमा व्यक्तिले भर्पाइको आधारमा बुझेकोले कुनै पनि संस्थाको रकम यसरी व्यक्तिले भर्पाइ गरेर भुक्तानी दिन नमिल्ने हुदा आवश्यक विलविजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | २३,००० |
| ६२ | | | **औषधी खरिद –**<br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले ३०६।०७९।३।१९ बाट औषधी खरिद वापत मिसन भिजन मेडिसिन डिष्ट्रव्यूटर्स खाडाचक्र १ कालिकोटको विल पेश गरी रु. ५९७६६१।०० भुक्तानी दिएको छ । खरिदको भुक्तानीमा सम्बन्धित विक्रेतालाई भुक्तानी दिनुपर्नेमा पलाता अस्पतालका मे.अ अस्पताल प्रमुख डा.विजय कुमार महतोको नविल बैंक लि.मा रहेको खातामा रकम दाखिला भएको देखिन्छ । सम्बन्धित विक्रेतालाई खरिदको रकम बुझाएको प्रमाण पेश भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु | ५९७,६६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **अनुदानको अनुगमन –**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले ३ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई बीउपूँजी तथा अनुदानमा रु. १८ लाख ५० हजार अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६४ | | | **भुक्तानीमा कर –**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले ५।२०७९।३।२२ बाट सरस्वती मावि थिर्पूलाई आइसिटी निर्माण वापत रु ६ लाख ५० हजार भुक्तानीमा नियमानुसार लाग्ने रु. ९७५० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | ९,७५० |
| ६५ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १००० र त्यसपछि मासिक रु ५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा २९३ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु १४४३००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५९ जनालाई रोजगारी उपलव्ध गराई रु.४८६३०००।०० खर्च गरेको छ । लक्षित वर्गलाई ९० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ६७ | | | **जिन्सी दाखिला नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले निम्नअनुसार खरिद गरेका जिन्सी साम्रगीहरु जिन्सी खातामा दाखिला नगरेकोले दाखिला नगर्नेलाई जिम्मेवार बनाउदै उक्त साम्रगीहरु जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु<br>सि न \| गो भौ र मिति \| साम्रगीको विवरण \| रकम<br>१ \| ९।२०७९।३।२३ \| क्वीक कम्प्यूटर सोलुसन वाट Dell i5 laptop \| १३००००<br>२ \| ८।२०७९।३।२३ \| टेक्नोलिङ्क इन्टरप्राइजेज सेन्टरबाट Lenovo laptop i7 8GB/256GB र Epson printer L3110 \| १७८००० | ३०८,००० |
| ६८ | | | **धरौटी कट्टी नगरेको:-**<br>सार्वजनिक खरिद नियावली २०६४ को नियम १२३(४ )मा सार्वजनिक निकायले खरिद खातामा आम्दानी संझौता बमोजिम विल वा बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख छ। पालिकाले ३।२०७९।३।२३ बाट ठेक्का नं PRM/KKT/NCB/DMVBWCW/03/2078/79 दैनिकर मावि पर्खाल निर्माण वापत पलाता जे सि वि निर्माण सेवालाई ठेक्का वा करार संझौता बमोजिमको रकम रु ३८२६९२० को भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने रिटेन्सन मनी कट्टी रु १९१३४६ नगरेकोले नियमको पालना गरेको पाईएन।तसर्थ नियमानुसार धरौटी कट्टी नगरी भुक्तानी दिएकोले नियम सम्मत नदेखिएको रु | १९१,३४६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**घटी अग्रिम कर घटी कट्टीः**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर भन्दा रु.३४९१।००घटी कट्टी गरेको छ । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

<table>
<tr><th>भौ न मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>हुनेकर</th><th>करकट्टी रकम</th><th>घटी कट्टी</th></tr>
<tr><td>६/०७८/१०/९</td><td>पातला मल्टी प्रोडक्ट एण्ड कन्ट्रक्सन प्रा ली कालीकोट</td><td>२६६२९३२/३८</td><td>३५३४९</td><td>३१८५८</td><td>३४९१</td></tr>
</table>

</td><td>३,४९१</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>

**मूल्य अभिवृद्धि कर कट्टी –**

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

<table>
<tr><th>भौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>मुअकर कर रकम</th><th>३० प्रतिशत रकम</th></tr>
<tr><td>३।२०७८।१२।१</td><td>रोयल ठकुरी इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>६०९५९०९१७</td><td>१४७०७०.०८</td><td>४३८२१.३२</td></tr>
<tr><td>११।२०७९।३।२२</td><td>भिजन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि</td><td>६०४२६२०८४</td><td>४११४५</td><td>१३७१५०</td></tr>
<tr><td>२९।२०७९।३।२४</td><td>मालिका कम्प्यूटर एण्ड जनरल स्टोर</td><td>३०२९४६७३२</td><td>११५०३२.३२</td><td>३४५०९.६९</td></tr>
<tr><td>३।०७८।१२।१</td><td>रोयल ठकुरी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि धुम्वाराही काठमाण्डौ (अनुगृहिता ईन्जिनियरिङ कन्सल्ट विल्डर्स एण्ड सप्लायर्स प्रा लि नाम परिवर्तन भएको)</td><td>६०९५९०९१७</td><td>१२६९६८६</td><td>१४६०७०</td></tr>
</table>

</td><td>३६१,५५१.०१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **कार्यसम्पन्न प्रतिवेदनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । पालिकाले ५।२०७९।१।४ बाट किच खिन आयोजनाको लागि पलाताँ मल्टी प्रोड्क्स एण्ड कन्सट्क्सन प्रा लि बाट रु ३५ लाख बराबरका २०० एमएम १६७६ मिटर पाइप सोझै खरिद गरेको छ । उक्त कार्य गर्नका लागि मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक) संग सम्झौता भएकोमा उक्त पाइपहरु प्रयोग गरी कार्य भएको कार्यसम्पन्न प्रतिवेदन उपलब्ध नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ३,५००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२</td><td></td><td></td><td>
रितपूर्बकको कर बिजक तथा प्रतिलिपि बिलः<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. १३७२६९४।६४ समेत रु.११९३१८८४।२० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>३।२०७९।३।२३</td><td>पलाता जे सि वि निर्माण सेवा</td><td>६०९७७४०८३</td><td>विजक नं हातले लेखेको</td><td>३८२६९२०</td><td>४४०२६५.१७</td></tr>
<tr><td>३४।२०७९।३।२४</td><td>पलाता जे एस वि निर्माण सेवा</td><td>६०९७७४०८३</td><td>विजकमा जोड जम्मा नभएको साथै कूल रकम अक्षरमा नलेखेको</td><td>५९७९७७८</td><td>६८७९३९</td></tr>
<tr><td>१/०७८/९/२९</td><td>पलाता मल्टी प्रोडक्ट एण्डकन्स्टक प्रा लि कालिकोट</td><td>६०९८३१७४४</td><td>९ वीजकमा मिति उल्लेख नभएको</td><td>५३४४७४.२०</td><td>६१४८८.१८</td></tr>
<tr><td>४/०७८/९/२९</td><td>पलाता मल्टीप्रोडक्ट एण्ड कन्स्ट्रक्सन प्रा ली कालीकोट</td><td>६०९८३१७४४</td><td>७ वीजकमा मिति उल्लेख नभएको</td><td>१५२८२१२</td><td>१७५८१२</td></tr>
<tr><td>४/०७८/९/२९</td><td>पलता मल्टी प्रोडक्ट एण्ड कन्ट्रक्सन प्रा ली कालीकोट</td><td>६०९८३१७४४</td><td>८ वीजकमा मिति उल्लेख नभएको</td><td>६२५००</td><td>७१९०।२६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>१,३७३,६७४.३५</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>नन्फाइलर –</td><td>१,४६६,६७१.८१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका फर्मलाई मू.अ.कर रु. १४६६६७२ समेत रु. १२८३५६९५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ५।२०७९।३।२४ | एस के वि निर्माण सेवा | ६०७०५६७१६ | २६५२२१८ | ३०५१२२.५१ | २०७५ एम ३ |
| १४।२०७९।३।२३ | एस के वि निर्माण सेवा | ६०७०५६७१६ | ७५६६७७ | ८७०५१.४२ | २०७५ एम ३ |
| २७।२०७९।३।२४ | जिज्ञासा जनरल अर्डर सप्लायर्स | ६१२८०९८०२ | ४५५०६२.३ | ५२३५२.३ | २०७७ एम १२ |
| २८।२०७९।३।२४ | प्रतिज्ञा जनरल स्टोर एण्ड सप्लायर्स | ६०२८३२१२२ | ४५४९९९.९ | ५२३४५.१३ | २०७८ एम११ |
| २८।२०७९।३।२४ | प्रतिज्ञा जनरल स्टोर एण्ड सप्लायर्स | ६०२८३२१२२ | ४५४९९९.९ | ५२३४५.१३ | २०७८ एम ११ |
| २९।२०७९।३।२४ | मालिका कम्प्यूटर एण्ड जनरल स्टोर | ३०२९४६७३२ | ९९९८९६ | ११५०३२.३२ | २०७८ एम ११ |
| ३२।२०७९।३।२४ | पलाता मल्टी प्रोड्क्ट एण्ड कन्स्ट्रक्सन | ६०९८३१७४४ | २०६८४६.५ | २३७९६.५ | २०७८ एम ११ |
| ३१।२०७९।३।२४ | पलाता मल्टी प्रोड्क्ट एण्ड कन्स्ट्रक्सन | ६०९८३१७४४ | ७५७३८२.५ | ८७१३२.५ | २०७८ एम ११ |
| ३१।२०७९।३।२४ | पलाता मल्टी प्रोड्क्ट एण्ड कन्स्ट्रक्सन | ६०९८३१७ | ३३५०४५ | २८५४५ | २०७८ एम ११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ४४ | | | | |
| | | | ६।०७८।१०।९ | पलाता मल्टी प्रोड्क्ट एण्ड कन्स्ट्रक्सन | ६०९८३१७ ४४ | २६६२९३२. ३८ | ३०६३५५ | २०७८ एम ११ | |
| | | | ३५२।२०७९।३। २३ | पलाँता मल्टी प्रोड्कट एण्ड कन्स्ट्रक्सन प्रा लि कालिकोट | ६०९८३१७ ४४ | ६२६०२० | ७२०२० | २०७८ एम ११ | |
| | | | ३३०।२०७९।३। २१ | शुभम अर्डर सप्लार्यस कालीकोट | ६१६५६४३ २९ | १६९९५२ | १९५५२ | ननफाइलर २०७८। ७९ | |
| | | | २३३।०७९।३।६ | रारा कर्णाली मल्टिमिडिया प्रालि द्धारा संचालित न्यूज रारा डट कम कालिकोट | ६०६८३९३ ५० | ११३००० | १३००० | २०७८ एम ३ | |
| | | | २१८।०७९।१।४ | मालिका कम्प्यूटर एण्ड जनरल अर्डर सप्लायर्स जुम्ला | ३०२९४६७ ३२ | २००००० | २३००८ | २०७८ एम ११ | |
| | | | २१८।०७९।१।४ | पलाँता मल्टी प्रोड्कट एण्ड कन्स्ट्रक्सन प्रालि | ६०९८३१७ ४४ | २०२०४४ | २३२४४ | २०७८ एम ११ | |
| | | | २१८।०७९।१।४ | पलाँता मल्टी प्रोड्कट एण्ड कन्स्ट्रक्सन प्रालि | ६०९८३१७ ४४ | ९३५६४ | १०७६४ | २०७८ एम ११ | |
| | | | २१८।०७९।१।४ | पलाँता मल्टी प्रोड्कट एण्ड कन्स्ट्रक्सन प्रालि | ६०९८३१७ ४४ | ९९६६६ | ११४६६ | २०७८ एम ११ | |
| | | | २१८।०७९।१।४ | पलाँता मल्टी प्रोड्कट एण्ड कन्स्ट्रक्सन प्रालि | ६०९८३१७ ४४ | ५९८२२२ | ६८८२२ | २०७८ एम ११ | |
| | | | २१५।०७८।१२। १३ | अमृत स्टेशनरी एण्ड स्पोर्टस ट्रेड लिङ्क बाके | ६१२२१७३ ७७ | ३६४३६८ | ४१९१८ | ननफाइलर २०७८। ७९ | |
| | | | २१४।२०७८।१२। | आचार्य सर्जिकल सेन्टर वी न पा ३ सुर्खेत | ६१५२४२८ | ६३२८०० | ७२८०० | २०७८ एम ११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३ | | ४६ | | | | |
| ७४ | | | **टुक्रा पारी खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष निम्न सप्लायर्सबाट एकै प्रकृतिको सामान प्रतिस्पर्धात्मक विधि नपनाइ टुक्रा पारी खरिद गरेकोले नियमसम्मत नदेखिएको रु | | | | | | ६,८६३,३४७ |

| क्र स | भुक्तानी पाउने | विवरण | विल मिति | विल न | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | जिज्ञासा जनरल अर्डर सप्लायर्स | १० सेट सोलार प्यानल खरिद | २०७८।५।१३ | ४ | ४९९१९५ |
| २ | जिज्ञासा जनरल अर्डर सप्लायर्स | १० सेट सोलार प्यानल खरिद | २०७८।४।२० | ३ | ४९९१९५ |
| ३ | पलाताँ मल्टी प्रोड्क्स एण्ड कन्सट्क्सन प्रा लि | १६७६ मिटर २०० एमएम पाइप खरिद | ... | ... | ३५००००० |
| ४ | जिज्ञासा जनरल अर्डर सप्लायर्स | ७००० पिस स्यानीटरी प्याड | ... | ... | ४५५०६३ |
| ५ | प्रतिज्ञा जनरल स्टोर एण्ड सप्लायर्स | १४००० पिस स्यानीटरी प्याड | ... | ... | ९०९९९८ |
| ६ | मालिका कम्प्यूटर एण्ड जनरल स्टोर | १४२७२ पिस स्यानीटरी प्याड | ... | ... | ९९९८९६ |
| | जम्मा | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७५ | | | **घरको क्षतिपूर्तीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयारी आदि कार्य नगरी निर्माण गर्न नहुने उल्लेख छ । पालिकाले आ व २०७४।७५ देखि निर्माण सुरु भएको बेल्के ढुङ्गा लेखनवाडा वडा कार्यालय हुदै माछा पातिहाल्ना सम्म सडकको कार्य अगाडि बढाए तापनि जग्गाको उपलब्धता, विस्तृत आयोजना प्रतिवेदन एवं वातावरणीय अध्ययन प्रतिवेदनको कार्य सम्पन्न गरेको छैन । यसले गर्दा प्रत्येक वर्ष उक्त योजनामा पर्ने घरजग्गाको क्षतिपूर्ति भुक्तानी गरेको छ। यस वर्ष पालिकाले उक्त योजना अन्तर्गत पर्ने २३ वटा घरघुरीलाइ मुआब्जा वापत रु ६९ लाख ९० हजार रकम भुक्तानी गरेको छ । पालिकाले योजना सञ्चालन गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार विस्तृत आयोजना प्रतिवेदन तयारी नगरी कार्य गरेकोले योजना सञ्चालनमा थप व्ययभार परेको छ । पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गाको उपलब्धता, युटिलिटी हटाउने, विस्तृत आयोजना प्रतिवेदन तयारी गरेर मात्र योजना सञ्चालन गर्नुपर्दछ । | |
| ७६ | | | **ठे न १/०७८/०७९ धुरामाछा वम्फाई देखि हिमा गा पा जुम्ला सडकः**<br>उक्त सडक निर्माणका लागी रितुराज निर्माण सेवा कालिकोट सँग मिति २०७८/१२/७मा संझौता भएकोमा संझौता अनुसार सो काम मिति २०७९/३/ २४ मा सम्पन्न गर्नुपर्ने देखिन्छ। सम्झौता अनुसार समयमा काम सम्पन्न भएको पाईएन भने हाल सोकाम सूचारु नभएको साथै म्याद समेत नथपिएको भनाई पालिकाको सम्वन्धित पदाधिकारी तथा कर्मचारीबाट जानकारी प्राप्त भएकोले सो सम्वन्धमा निम्नानुसार गर्नुपर्ने देखिएको छ। | |
| ७६.१ | | | **क) पेश्की बाँकी रकम अशुल गर्नेः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११३ मा पेश्की भुक्तानी र फछ्यौंट गर्ने व्यवस्थाबारे उल्लेख छ ।सो नियमको उपनियम (६) मा निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिमको काम त्यस्तो खरिद सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैंक जमानतको रकम सम्वन्धित बैंक वाट प्राप्त गरी पेश्की फस्यौंट गर्नुपर्ने छ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत अशुलउपर गर्नुपर्ने छ भन्ने छ। पालिकाले उक्तठेक्काको कामको लागी निर्माण व्यवसायीलाई रु १० लाख पेश्की दिएकोमा पेश्की जमानत राखेको पाईएन । सो पेश्की मध्य प्रथम बीलको रकम भुक्तानी गर्दा रु ३२१७१३/ पेश्की फर्छ्यौट गरेकोले रु ६७८२८६/ पेश्की वाकी रहेको छ। नियमानुसार फर्छ्यौट नभएको उक्त पेश्की रकम व्याजसमेत अशुल गर्नुपर्ने देखिएको रु | ६७८,२८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.२ | | | **ख) पूर्वनिर्धारित क्षतिपूर्ति अशुल गर्नेः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद सम्झौता वमोजिमको काम सो संम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतले पूर्वनिर्धारीत क्षति पूर्ति दिनु पर्ने उल्लेख छ। नियम १२१ (ख) मा खण्ड (क) वमोजिमको पूर्व निधारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता वमोजिमको कार्यसम्पादन गर्ने दायित्ववाट मुक्त हुन नसक्ने भन्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायीले सम्झौता बमोजिमको सडक निर्माण गर्नेकाम निर्धारित समयमा सम्पन्न नगरेको साथै निर्माण कार्यको सम्पन्न गर्नेम्याद नथपिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लिई काम सम्पन्न गर्नुपर्ने देखिन्छ । हाल प्रदेश सरकारबाट उक्त कार्यकोलागि वजेट विनियोजन भयको हुदा पालिकाले समपुरक रकम छुट्याई काम सुचारु गर्नुपर्ने देखिन्छ भने मिति २०७९/३/२४ मा सम्पन्न गर्नुपर्ने काम लेखापरीक्षण अवधि मिति २०७९/१०/१० सम्म सम्पन्न नभएकोले नियमानुसार सम्झौता रकम रु ५०१७२००/२९ को १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु ५०१७२०। अशुल गरी कार्य सम्पन्न गर्नुपर्ने देखिएको रु | ५०१,७२१ |
| ७७ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br>नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गतका ७३ वटा घरघुरीलाई जनही रु २५००० का दरले रु १८२५००० रकम आवास निर्माणको लागि भुक्तानी गरेको छ । पालिकाले यस वर्ष रकम निकाशा दिएको रकमको कार्यसमपन्न प्रतिवेदन पेश गरेको छैन । पालिकाले अव अर्को निकासा भुक्तानी गर्दा करकट्टी गरी भुक्तानी दिनुपर्दछ भने उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ७८ | | | **विल उपलब्ध नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले निर्माण कार्य वापत निम्न उपभोक्ता समितिहरुलाई रकम भुक्तानी गर्दा होडिङ्ग वोर्ड खरिदको विल वेगर रकम भुक्तानी गरेकोले उक्त भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु<br><br>**सि न** \| **उपभोक्ताको नाम** \| **भुक्तानी रकम**<br>१ \| सुनवाडा नारेकोट देखि माछा रोड निर्माण उ स \| ६०००<br>२ \| कालजोशी डाडा देखि खौला सम्म ग्रामिण सडक निर्माण उ स \| ६००० | १२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **हेभी इक्विपमेण्टको प्रयोग —**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| कालजोशी डाडा देखि खौला सम्म ग्रामिण सडक निर्माण उ स | सडक निर्माण | २९४४६९२.२ | डोजर | २६५२२१८ |
| उखेडा देखि नेटा सडक निर्मण उ स | सडक निर्माण | २३७३२६८.३९ | डोजर | २१४४५५९.३२ |
| पुलाहा मष्टामाडु देखि राफाडाडा सडक निर्माण उ स | सडक निर्माण | १९९९६९८ | डोजर | ७५६६७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **सव कन्ट्याक्टरबाट काम गराएको :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यवसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| सि न | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | सुनवाडा नारेकोट देखि माछा रोड निर्माण उ स | ३०२३५४८.९१ | पलाँता जे एस वि निर्माण सेवा | ३०२४२११.२२ |
| २ | बोक्चु देखि रिठा सडक निर्माण उ स | ५९७९७७८ | पलाँता जे एस वि निर्माण सेवा | ५९७९७७८ |
| ३ | ओदि जाँफे सडक मर्मत उ स | ३०७२००० | दिबाङ्गसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३०७२००० |
| ४ | जाँफे उखाडी छलाहा डक निर्माण उ स | १३७४७२० | दिबाङ्गसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १३७४७२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>जनश्रमदान –<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा सोही अनुसार अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>कट्टी भएको रकम</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>४।२०७९।३।२३</td><td>दुधेशिल्लो मावि पक्की भवन निर्माण उ स</td><td>३६०७२५०</td><td>३५०७३१४.८३</td><td>२०.१६</td><td>६३३३१४.८३</td><td>७३७६०</td></tr>
<tr><td>७।२०७९।३।२१</td><td>घट्टेखोला देखि जहनधारा सम्म तटबन्धन निर्माण उ स</td><td>३००२०७३.९९</td><td>२९२७२०४.२७</td><td>२०.०५</td><td>५८५४४०.८५</td><td>१६१७.८१</td></tr>
<tr><td>२२।२०७९।३।२३</td><td>सुनावाडा खानेपानी निर्माण</td><td>४७६७३८७</td><td>१३२९५५८</td><td>३१.४</td><td>४१२१६३.०७</td><td>५४३७.५१</td></tr>
</table></td><td>८०,८१५.३२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८२</td><td></td><td></td><td>
अधुरा आयोजना –<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून अनुसार सम्झौता गरी बर्षौ सम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>मूल्यांकन</th><th>यस वर्ष भुक्तानी</th><th>लागत अनुमानअनुसारको कूल काम %</th></tr>
<tr><td>३।२०७९।३।२३</td><td>मुलखोला हुदै बोक्चु खानेपानी</td><td>२४९०४९४</td><td>२११८६६४</td><td>१६९४९३९</td><td>८५</td></tr>
<tr><td>३१।२०७९।३।२४</td><td>न्यायक समीतिको भवन निर्माण</td><td>३३६५८६०</td><td>३०११३९७</td><td>२४०००००</td><td>८९</td></tr>
<tr><td>२२।२०७९।३।२३</td><td>सुनावाडा खानेपानी निर्माण</td><td>४७६७३८७</td><td>१३२९५५८</td><td>९१७३९५</td><td>२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>
उपभोक्ता समूहले नियमको पालना नगरेको :<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समुह मार्फत भएका कार्यहरु सार्वजनिक खरिद ऐन नियम अनुसार हुनु पर्नेमा सो बमोजिम भए गरेको पाइएन । अत: जिम्मेवार कार्यालय प्रमुखले त्यस प्रकारका कार्यको नियन्त्रण गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्ने देखियो । उपभोक्ता समितिबाट पेश भएका नियम विपरितका कार्यहरुको केही उदाहरण निम्नानुसार छन्:
<table>
<tr><th>उपभोक्ता समिति</th><th>भुक्तानि रकम</th><th>कैफियत</th></tr>
<tr><td>औला खोला लघुजलविद्युत आयोजना</td><td>३८९४०००</td><td>रु २६५०००० को निर्माण सामग्री एउटै विक्रेता ( पावर नेपाल इन्जिनियरिङ्ग) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>दुर्सी खोला लघुजलविद्युत आयोजना</td><td>३९२०००० </td><td>रु २०००००० को निर्माण सामग्री एउटै विक्रेता (पावर नेपाल इन्जिनियरिङ्ग) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>भुच्चीखोला लघुजलविद्युत</td><td>३८४१४०</td><td>रु २४३२३२५ को निर्माण सामग्री एउटै विक्रेता ( भेनस हाइड्रो एण्ड इलेक्ट्रीक्स) बाट सोझै खरिद</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | ० | गरेको | |
| | | | दाम्डिखोला लघुजलविद्युत आयोजना | ३८४०००० | रु १४०९७३८ को निर्माण सामग्री एउटै विक्रेता ( पलाता मल्टी प्रोड्क्स एण्ड कन्स्ट्रक्सन) बाट सोझै खरिद गरेको | |
| | | | कुवा तटबन्धन निर्माण | २४६३२८२ | रु १८१९५०५ को निर्माण सामग्री एउटै विक्रेता ( पलाता मल्टी प्रोड्क्स एण्ड कन्स्ट्रक्सन) बाट सोझै खरिद गरेको | |
| | | | पुलाहा ज्यूला सिचाइ कूलो निर्माण | १९२०००० | रु १४३५७७२ को निर्माण सामग्री एउटै विक्रेता (न्यू भण्डारी ट्रेडर्स एण्ड अर्डर सप्लार्यस) बाट सोझै खरिद गरेको | |
| | | | बमेडो खोला देखि रेउका सम्म सिचाइ कूलो निर्माण | २३९४००० | रु १४८८७५१ को निर्माण सामग्री एउटै विक्रेता ( दिबाङसी कन्स्ट्रक्सन एण्ड सप्लार्यस) बाट सोझै खरिद गरेको | |
| | | | बेल्कोट पर्यटन प्रर्वद्धन मन्दिर निर्माण | ३३६०००० | रु १२३५४२९ को निर्माण सामग्री एउटै विक्रेता ( पलाता मल्टी प्रोड्क्स एण्ड कन्स्ट्रक्सन) बाट सोझै खरिद गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **गुणस्तर परीक्षण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निम्न उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् । | |

| सि न | उपभोक्ता समीतिको नाम र विवरण | सामान | रकम |
|---|---|---|---|
| १ | कुवा तटबन्धन निर्माण आयोजनाले पलाता मल्टी प्रोड्क्ट एण्ड कन्सट्रक्सन प्रा लि बाट खरिद गरेका ग्याविन | Gabion box (3*1*1)=93 वटा<br>Gabion box (2*1*1)=147 वटा<br>Gabion box (1.5*1*1)= 60 वटा | १८१९५०५ |
| २ | कुवा तटबन्धन निर्माण आयोजनाले पलाता मल्टी प्रोड्क्ट एण्ड कन्सट्रक्सन प्रा लि बाट खरिद गरेका ग्याविन | Gabion box (3*1*1)= 10 वटा<br>Gabion box (2*1*1)= 40 वटा | ४११६०२ |
| ३ | घट्टेखोला देखि जहनधारा सम्म तटबन्धन निर्माण उ स ले न्यू भण्डारी ट्रेडर्स एण्ड अर्डर सप्लार्यसबाट ग्याविन खरिद | २५५ पिस Gabion box | १०७५११९५ |
| ४ | धलपुरा आवि लौठारुख फिल्ड निर्माण उ स ले न्यू भण्डारी ट्रेडर्स एण्ड अर्डर सप्लार्यसबाट ग्याविन खरिद | Gabion box (3*1*1)=42 वटा<br>Gabion box (2*1*1)=84 वटा<br>Gabion box (1.5*1*1)= 24 वटा<br>Gabion box (1*1*1)= 24 वटा | ८००८३१ |
| ५ | कालिका मावि फिल्ड निर्माण उ स ले न्यू भण्डारी ट्रेडर्स एण्ड अर्डर सप्लार्यसबाट ग्याविन खरिद | Gabion box (3*1*1)=42 वटा<br>Gabion box (2*1*1)=84 वटा<br>Gabion box (1.5*1*1)= 82 वटा | ९७५९८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **वढी भुक्तानीः**<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले पुलाहा मष्टामाडु देखि राफाडाँडा सडक निर्माण उपभोक्ता समीतिलाई कार्यसम्पन्न वापत रकम भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु १८५८९१६ को काम भएकोमा प्रदेश सशर्तको १४।२०७९।३।२३ बाट रु १९९९६९८ भुक्तानी भइ रु १४०७८२ वढी भुक्तानी भएको देखिन्छ । उक्त वढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | १४०,७८२ |
| ८६ | | | **लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ८७ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ८८ | | | **विजक उपलब्ध नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाले भौ. नं. ४।२०७९।३।२३ बाट झोलुङ्गे पुलको प्राविधिक तथा सामाजिक कार्य गरे वापत मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक) लाई रकम रु ५६६२१ भुक्तानी गर्दा विल उपलब्ध नभएको साथै भुक्तानी गर्दा रु ८५० अग्रिम कर कट्टी नभएकोले रु ८५० करकट्टी गरी रु ५६६२१ को प्रमाण पेश गर्नुपर्ने रु | ५६,६२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको रकमको स्पष्ट विवरण उपलब्ध भएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा सो समेत राख्ने गरेको छैन ।यसले गर्दा कन्टिनजेन्सी खर्च यकिनद गर्न सकिएन । पालिकाले कन्टिनजेन्सी रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्दछ । | |
| ९० | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।कार्य सम्पन्न भएपछि सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ। | |
| ९१ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने कार्यलाई अनिवार्य गर्नुपर्दछ। | |
| ९२ | | | **गुणस्तर परीक्षण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने कार्यलाई अनिवार्य बनाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९३ | | | **डीपीआर खर्च –**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । साथै उक्त परामर्श सेवाबाट आयोजनाको कूल लागत अनुमान यकिन भएको प्रमाण उपलब्ध नभएकोले उक्त आयोजनाको कूल लागत अनुमान प्रमाण पेश गर्नुपर्ने रु | १,१९२,१५० |

| क्र स | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | **Feasibility study of upper palata mini hydro project** | **Vision engineering construction pvt ltd** | १२००००० | ११९२१५० | नखुलेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९४ | | | **सामाजिक सुरक्षा कार्यक्रमः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता रु ७३८५४४३४ वितरण गरेको देखियो ।नियमानुसार मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ ।सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।पालिकाले लाभग्राहीको विवरण अध्यावधिक गरेर सूचना प्रणालीमा राखेको पाईएन।तसर्थ प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने तथा बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्ने कार्यलाई अनिवार्य गर्नुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९५</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>१२६४८३</td><td>०</td><td>१२६४८३</td></tr>
</table>
अद्यावधिक बेरुजु - यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>१२६४८३</td><td>०</td><td>११५७७९</td><td>०</td><td>२४२२६२</td></tr>
</table>
</td><td></td></tr>
</table>